# देवचुली नगरपालिकाको नगर उप-प्रमुखले दोस्रो नगरसभाको तेस्रो अधिवेशनमा पेश गर्नु भएको बजेट वक्तव्य ।

<u>प्रस्तुतकर्ता</u>

**पार्वता तिवारी**

**नगर उप-प्रमुख**

## देवचुली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश**

*मिति: २०८० असार ०८ गते शुक्रबार ।*

देवचुली नगरपालिका बजेट नीति तथा कार्यक्रम २०

# देवचुली नगरपालिकाको नगर उप प्रमुख श्री पार्वता तिवारीले दोस्रो नगरसभाको तेस्रो नगर अधिवेशनमा पेश गर्नु भएको वजेट वक्तव्य ।

**नगरसभाका सभाध्यक्षज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

१. यस गरिमामय **नगर सभामा नगरको आ.व २०८०/०८१** को बजेट तथा कार्यक्रम पेश गरेको छु ।

२. यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु ।

३. मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको कारण नगरपालिकामा देखिएका समस्या तथा चुनौतीहरुलाई सम्वोधन गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरु, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, नगरको प्राथमिकता, स्थानीय राजनैतिक दल, संघ संस्था, विद्वत वर्ग तथा आम नगरवासीबाट प्राप्त सुझावहरुलाई समेत आधार लिई स्थानीय टोलवासीको माग, वडा समिति, विषयगत समिति, बजेट तथा योजना तर्जुमा समिति एवम् नगर कार्यपालिका समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकिकरण गरी बजेट विनियोजन गरेको छु ।

५. आगामी आ.व. मा "आर्थिक विकास र स्वरोजगार : समृद्ध देवचुली निर्माणको आधार", भन्ने मुल मर्मलाई निरन्तरता दिदै आर्थिक विकास र उद्यमशीलताको क्षेत्रलाई प्राथमिकतामा राखी वजेट विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

अब म यस सम्मानित नगरसभामा आगामी आ२० .व.८०८/१ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ२०.व.८०/८१ का लागि कुल ८० करोड २६ लाख ३५ हजारको वार्षिक वजेट तथा कार्यक्रम पेश गरेको छु । जसमध्ये आयतर्फ सङ्घीय सरकारको सशर्त अनुदान ३४ करोड ११ लाख , संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान १३ करोड ३२ लाख र राजस्व बाँडफाँड १० करोड ८१ लाख ४९ हजार समावेश गरेको छु । यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान १ करोड ८३ लाख ५५ हजार र राजश्व बाँडफाँड बापत रु १ करोड ३४ लाख १५ हजार ,सशर्त विशेष तर्फ रु ५० लाख र समपुरक अनुदानतर्फ रु ५० लाख रहेको छ । यस नगरपालिकाको आन्तरिक आय १२ करोड ८४ लाख १६ हजार, मालपोत रजिष्ट्रेशन शुल्क ५ करोड प्राप्त हुने अनुमान गरेको छु ।

कुल विनियोजित वजेटमा विषयगत क्षेत्र अन्तर्गत सामाजिक विकास क्षेत्र तर्फ ४१.३० प्रतिशतआर्थिक विकास क्षेत्र , तर्फ११.२५ प्रतिशत पुर्वाधार विकास क्षेत्र तर्फ ,२२.१३ प्रतिशत वन वातावरण तथा विपद क्षेत्र तर्फ ,२.९२ प्रतिशत तथा संस्थागत तथा सुशासन क्षेत्र तर्फ २२.४० प्रतिशत वजेट विनियोजन गरेको छु ।

देवचुली नगरपालिका बजेट नीति तथा कार्यक्रम २०८०/८

६. नगरको गौरवको आयोजनाको रुपमा रहेको साइलेज उद्योग मार्फत कृषकको आय आर्जन वृद्धि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने तर्फ अग्रसर बनाउन आवश्यक थप पूर्वाधार निर्माणको लागि रु ६० लाख विनियोजन गरेको छु।

७. उद्यमशिलता प्रवर्द्धन मार्फत रोजगारी सृजना तथा आय आर्जन वृद्धि गर्नका लागि कृषक तथा युवा सँग मेयर कार्यक्रममा रु ४० लाख र महिलासँग उपमेयर कार्यक्रमको लागि रु २० लाख गरी जम्मा रु ६० लाख विनियोजन गरेको छु।

८. नगर भित्र उत्पादन भएका कृषि उपजको बजार सुनिश्चितता गर्न, कृषि उपज संकलन केन्द्र निर्माणको लागि रु १५ लाख तथा कृषि एम्वुलेन्सको लागि रु ३० लाख विनियोजन गरेको छु।

९. प्राकृतिक प्रकोप तथा अन्य विपद्‌जन्य घटनाको राहात, उद्धार तथा सहायताको लागि विपद् कोषमा रु १ करोड विनियोजन गरेको छु।

१०. नगर भित्रका सामुदायिक विद्यालयहरुको आधारभूत तहमा अध्ययन गर्ने अति विपन्न बालबालिकाको शैक्षिक पहुँचको सुनिश्चितताको लागि मेयर छात्रवृत्ति कार्यक्रम मार्फत रु ४० लाख विनियोजन गरेको छु।

११. फोहोरमैलाको दिगो व्यवस्थापन तथा उपयोग गर्न आवश्यक पूर्वाधार निर्माणको लागि रु २५ लाख विनियोजन गरेको छु।

१२. नगर भित्रका सुकुम्बासीहरुको समस्या समाधान गर्न आवश्यक जनशक्ति व्यवस्थापन लगायत अन्य विविध कार्यको लागि रु २० लाख विनियोजन गरेको छु।

१३. सङ्घीय तथा प्रदेश सरकारको समपुरक अनुदानबाट सञ्चालन हुने विभिन्न आयोजनाहरुमा नगरपालिकाका तर्फबाट समपुरक गर्नका लागि समपुरक कोषमा रु २ करोड विनियोजन गरेको छु।

१४. वडास्तरीय कार्यक्रमका लागि विकासका ५ स्तम्भहरु आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत विकासका लागि भुगोल, जनसंख्या, राजश्व र गरिवी जस्ता सुत्रको आधार समेतबाट १७ वडाको लागि जम्मा रु ८ करोड बजेट विनियोजन गरेको छु।

१५. नगरको मुख्य पर्यटकीय गन्तव्य स्थलको रुपमा रहेको देवचुली डाँडा पदमार्ग, पर्यटकीय पूर्वाधार निर्माण तथा पर्यटन महोत्सवको लागि रु १३ लाख विनियोजन गरेको छु।

१६. देवचुली उद्योग वाणिज्य संघ र नगरपालिकाको सहकार्यमा नगर भित्रका व्यवसायहरुलाई प्रवर्द्धन गर्न साझेदारी कार्यक्रम अन्तर्गत रु १० लाख विनियोजन गरेको छु।

१७. आगलागीजन्य विपद क्षति न्यूनिकरण गर्न आवश्यक दमकल खरिदको लागि रु ३० लाख र नगरवासीको स्वास्थ्य सेवालाई ध्यानमा राखी एम्बुलेन्स खरिदको लागि रु २२ लाख विनियोजन गरेको छु।

१८. नगरपालिकाको एकिकृत सुचना तथा तथ्याकंहरुलाई विद्युतीय अभिलेखिकरण तथा व्यवस्थापन गर्न डिजीटल नगर प्रोफाइलको लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।

१९. बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, आया तथा परिचालिकाको न्यूनतम पारिश्रमिक सुनिश्चितताको निरन्तरताको लागि रु ८५ लाख विनियोजन गरेको छु।

२०. नगरमा युवा लक्षित कार्यक्रम तथा खेलकुदको समग्र विकासको लागि रु २० लाख बजेट विनियोजन गरेको छु।

**२१.**विद्यालयमा प्रसुति विदाबाट हुने शैक्षिक क्षति न्युनिकरणको लागि रु १० लाख विनियोजन गरेको छु ।

**२२.**२४ सै घण्टा नगर अस्पताल सञ्चालनार्थ आवश्यक जनशक्ति व्यवस्थापनको लागि रु १ करोड १० लाख विनियोजन गरेको छु ।

**२३.**नगरको हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणको लागि देवचुली – १३, दलदलेमा वनस्पति उद्यान निर्माणको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

**२४.**वडाबाट सम्बोधन हुन नसकेका कतिपय क्षेत्रमा नगरस्तरीय कार्यक्रम तर्फ पूर्वाधार निर्माण, विकास तथा स्तरोन्नती, प्रवर्द्धनात्मक विकास अन्तर्गत कला, धर्म, संस्कृतिको संरक्षण संवर्द्धन, संघ संस्था साझेदारी, बाल सञ्जाल कार्यक्रम, कला सँस्कृति विकास, सिंचाई, विद्युत तथा खानेपानी आदि जस्ता कार्यक्रम सञ्चालनका लागि नगरबाट एकमुष्ट रु ८ करोड १७ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

**२५.**कृषि क्षेत्रको समग्र विकास, अनुसन्धान लगायतका कार्यक्रमका लागि शसर्तमा रु ५६ लाख र साना सिचाइ, व्यवस्थापन जैविक मल तथा भकारो सुधार कार्यक्रम, मागमा आधारित व्यवसायिक कृषि अनुदान लगायतका विविध कार्यक्रमहरुका लागि नगरबाट रु १ करोड ४७ लाख ७५ हजार वजेट विनियोजन गरेको छु ।

**२६.**पशु विकास क्षेत्रमा शसर्त तर्फ रु ४५ लाख र व्यवसायिक फर्म तथा किसानहरुलाई साइलेज, पराल, भुसा व्यवस्थापन अनुदान कार्यक्रम, जैविक मल वितरण कार्यक्रम लगायतका विविध कार्यक्रमको लागि नगरबाट रु १ करोड ४६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**२७.**शिक्षा यूवा तथा खेलकुद क्षेत्रमा शसर्त तर्फ रु २५ करोड ४२ लाख बजेट प्राप्त भएको छ । साथै आधारभूत विद्यालयमा सूचना प्रविधि कार्यक्रम, विद्यालय करेसाबारी कार्यक्रम, प्रविधिमैत्री र शैक्षिक पूर्वाधार विकास, विद्यालयको शैक्षिक गुणस्तर विकास लगायत शिक्षा क्षेत्रको नियमन र व्यवस्थापन, विद्यालयमा युवा शिक्षकहरुको आकर्षण लगायतका कार्यक्रमको लागि नगरबाट रु १ करोड १७ लाख बजेट विनियोजन गरेको छु ।

**२८.**स्वास्थ्य क्षेत्रमा शसर्त तर्फ रु ३ करोड ९८ लाख ५० हजार वजेट प्राप्त भएको छ । साथै ज्येष्ठ नागरिक अशक्त तथा अपागंहरुलाई घरमै गई निशुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण, स्वास्थ्य परामर्श सेवा घरमा शुन्य सुत्केरी कार्यक्रम, स्वास्थ्य सम्वन्धी जनचेतनामुलक कार्यक्रम लगायतका विविध कार्यक्रमको लागि नगरबाट रु ८९ लाख बजेट विनियोजन गरेको छु ।

**२९.**आयुर्वेद क्षेत्रमा सशर्त तर्फ रु ३० लाख प्राप्त भएको छ । आयुर्वेदिक पद्धतिको विकास गरी स्थानीय जडिबुटीको परिचयात्मक कार्यक्रम, आयुर्वेदिक औषधी निर्माण तथा निशुल्क आयुर्वेद स्वास्थ्य तथा योग शिविर लगायतका कार्यक्रमको लागि नगरका तर्फबाट रु २० लाख २० हजार बजेट विनियोजन गरेको छु ।

**३०.**आर्थिक विकास क्षेत्रमा सशर्त तर्फ रु १२ लाख बजेट प्राप्त भएको छ । साथै नगरभित्रको व्यापार, व्यवसाय प्रवर्द्धन, सहकारीको नियमन तथा अनुगमन, व्यवसायी राहात कार्यक्रम लगायतका कार्यक्रमहरुको लागि नगरको तर्फबाट रु २८ लाख विनियोजन गरेको छु ।

**३१.**सामाजिक विकास कार्यक्रम अन्तर्गत अन्तर पुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम, लागु औषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम, महिला सशक्तिकरण, लैङ्गिक हिसां निवारण, बालबालिकाको समग्र विकासको लागि

देवचुली नगरपालिका बजेट नीति तथा कार्यक्रम २०८०/

सचेतना सहितको कार्यक्रम एवं आपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम सञ्चालन गर्न नगरबाट रु ४० लाख ९० हजार बजेट विनियोजन गरेको छु।

**३२.** राजश्व व्यवस्थापन प्रणालीलाई प्रविधीमैत्री बनाउन डाइनामिक QR, ई पेमेन्ट, स्मार्ट ट्याक्स पेयर कार्ड, कर्मचारी क्षमता विकास लगायतका कार्यक्रमका लागि रु १२ लाख विनियोजन गरेको छु।

**३३.** सुशासन तथा संस्थागत विकास अन्तर्गत टोल विकास संस्था साझेदारी कार्यक्रम, टोकन प्रणाली जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास तालिम, कर्मचारी प्रोत्साहन कार्यक्रम, सार्वजनिक सुनुवाई, सूचना प्रविधिमैत्री नगरपालिका निर्माण, बेरुजु न्यूनिकरण कार्यक्रम लगायत कार्यालय सञ्चालान तथा व्यवस्थापनको लागि रु १६ करोड ५८ लाख ५० हजार विनियोजन गरेको छु।

**यस बजेट, नीति तथा कार्यक्रमसँगै आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० समेत यस सम्मानित नगर सभामा पेश गरेको छु।**

**अन्त्यमा,**

प्रस्तुत वजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, संचार जगत, नगरबासी लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। सँगसँगै यो बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै नगरवासीहरुको सुझाव, सहयोग र साथ रहने अपेक्षा गर्दछु।

धन्यवाद।

पार्वता तिवारी

नगर उप-प्रमुख

देवचुली नगरपालिका बजेट नीति तथा कार्यक्रम २०८०/८